# गुर्भाकोट नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल

☎ ९८५८०६५१११

प.सं. : २०८१/०८२
च. नं. ४०८८

मिति : २०८२।०१।०२

**विषय : शैक्षिक सत्र २०८२ को लागि विद्यार्थी भर्ना सम्बन्धी सूचना ।**

**श्री विद्यालयहरु (सबै)**
**श्री सामुदायिक सिकाई केन्द्र (सबै)**
**श्री गैर सरकारी संस्था (सबै)**
**गुर्भाकोट नगरपालिका, सुर्खेत ।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पं.स २०८१।८२, च.नं.१५७, मिति २०८२।०१।०२ गतेको प्राप्त निर्देशन बमोजिम शैक्षिक सत्र २०८२ को नयाँ विद्यार्थी भर्ना अभियान **"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तीको सुनिश्चिता"** भन्ने नाराका साथ सञ्चालन गर्ने निर्णय भएको हुँदा विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई शिक्षा सम्बन्धी मौलिक अधिकार सारभुत रुपमा कार्यान्वयनका लागि विद्यार्थी भर्ना कार्यक्रम तपसिल बमोजिम सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ ।

.................
(आईती चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

**विद्यालय**

१. शैक्षिक सत्र २०८१ को वार्षिक परीक्षाको नतिजा प्रकाशन गर्न बाँकी रहेको विद्यालयले नतिजा प्रकाशन गर्ने तथा विद्यालय व्यवस्थापन समितिको बैठकबाट विद्यालय भर्ना अभियान कार्यकमको तालिका स्वीकृत गरी विद्यार्थी भर्ना कार्यक्रम (२०८२ साल वैशाख पहिलो हप्ता भर्ना तथा स्वागत कार्यक्रम र दोस्रो हप्ता देखि वैशाख मसान्त सम्म नियमित पठनपाठनका साथै घरदैलो कार्यक्रम सञ्चालन गरी विद्यालय उमेर समुहका विद्यालय वाहिर रहेका बालबालिकाहरुलाई विद्यालयमा भर्नाको पहल गर्ने ) सम्पन्न गर्ने,
२.नयाँ भर्ना भएका विद्यार्थीहरुलाई पाठ्यपुस्तक वितरण गर्ने, विद्यालयहरुमा पाठ्यपुस्तक खरिद गरेको विल तथा पाठ्यपुस्तक बुझेको भरपाई यस शाखामा पेश गर्ने साथै पाठ्यपुस्तक वापतको रकम अपुग भएमा खरिद गरेको विल तथा नाम नामेसी सहितको कक्षागत विद्यार्थी भर्ना विवरण संलग्न राखी माग गर्ने,
३.विद्यार्थी भर्नाका लागि आफ्नो सेवाक्षेत्र भित्र व्यापक रुपमा प्रचार प्रसार सूचना गर्ने । यसका लागि अभिभावकलाई टेलिफोन, नजिकको एफ .एम.रेडियो, सामाजिक सञ्जाल, स्थानीय मेला पर्व आदिलाई सूचना प्रवाहको माध्यमको रुपमा प्रयोग गर्ने,
४.कक्षा ११ र १२ सञ्चालन भएका विद्यालयहरुले सो तहमा अध्ययनरत विद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवा क्षेत्र भित्र विद्यालय रहेका बालबालिकाको लगत संकलन, तिनीहरु विद्यालय बाहिर रहनुको कारण एवम समस्या पहिचान, विद्यालय भर्नाका लागि घरदैलो, सडक नाटक प्रर्दशन,घरदैलो कार्यक्रम जस्ता क्रियाकलाप परिचालन गर्ने,



CamScanner

गुर्भाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
शुभाघाट, सुर्खेत,
कर्णाली प्रदेश, नेपाल
☎९८५८०६५१११

प.सं. : २०८१/०८२
च. नं.

५.अभिभावक विहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरी भर्ना गराउने र त्यस्ता बालबालिकाहरुको निरन्तर सहयोग गर्न चाहनेहरुको उचित पहिचान तथा सम्मान गर्ने तथा विद्यार्थी भर्ना एवम् अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा सो को समेत अभिलेख व्यवस्थित रुपमा राख्ने र सो को जानकारी शाखामा पठाउने,
६. एक जना शिक्षकलाई विद्यार्थी भर्ना कार्यक्रमको सम्पर्क व्यक्ति तोकी सूचना, सम्पर्क र समन्वयको जिम्मेवारी दिने,
७. विद्यालय उमेरका शतप्रतिशत बालबालिका समयमै विद्यालय भर्ना गराई भर्ना सकिए लगत्तै विद्यालय बाहिर बालबालिका नभएको स्वघोषणा गर्ने र स्वघोषणा गरेको जानकारी शाखामा पठाउने,
८. २०८२ साल जेठ ७ गते भित्र EMIS मा विद्यार्थी अद्यावधिक गरी सक्ने,
९. सामुदायिक विद्यालयले विपन्न लक्षित छात्रवृत्ति वितरण गर्ने प्रयोजनका लागि विद्यार्थीलाई पिएमटी फारम भर्न लगाउने,
१०. विद्यालयमा भर्ना भएका बालबालिकाको उमेरगत विवरण सहितको प्रतिवेदन २०८२ जेठ ७ गते भित्र शाखामा पेश गर्ने,

**सामुदायिक सिकाई केन्द्रले गर्नुपर्ने कार्यहरु**

१.आफ्नो सेवा क्षेत्र भित्र सञ्चालित विद्यालय बाहिर रहेका बालबालिकाहरुको लगत संकलन, भर्नाको समय, स्थान र प्रकृया बारे प्रचार प्रसार, सञ्चार र समन्वय गर्ने तथा सो प्रगति प्रतिवेदन भर्ना अभियान सम्पन्न हुना साथ शिक्षा शाखामा पेश गर्ने,

**शिक्षा क्षेत्रमा क्रियाशिल गैर सरकारी संस्थाले गर्नुपर्ने कार्यहरु**

१.यस नगरपालिका अर्न्तगत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुको पहिचान गरी विद्यालयमा भर्ना गर्न प्रोत्साहित गर्ने र सो संग सम्वन्धित कार्यक्रम सञ्चालन गर्ने,

**अभिभावकले गर्नुपर्ने कार्यहरु**

१.विद्यालयमा तोकिएको समयभित्र नै जन्मदर्ता प्रमाणपत्र र अन्य आवश्यक कागजात सहित आ आफ्नो वालवालिकाहरुलाई भर्ना गराउने,

बोधार्थ

श्री सूचना तथा प्रविधि शाखा :website मा सूचना अपलोड गरिदिनहुन

नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner